नेपाल सरकार
स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय

# खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग

बबरमहल, काठमाडौं

## निरीक्षण अनुगमन सम्बन्धी विवरण

यस विभागमा प्राप्त गुनासो व्यवस्थापनको लागि आकस्मिक (र्‍यापिड रेस्पोनस् मोडालिटिमा) बजार अनुगमन निरीक्षण गर्ने क्रममा गुनासोमा उल्लेख गरे अनुसारको खाद्य व्यवसायको मिति २०८३/०५/१७ मा अनुगमन निरीक्षण गरी खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिम तपसिलमा उल्लेख भए अनुसारको कारबाही गरिएको व्यहोरा अनुरोध छ।

| सि.नं. | व्यवसाय/खाद्य पदार्थको विवरण | अनुगमन गर्दाको अवस्था/ कैफियत | निर्देशन / कारबाही |
|---|---|---|---|
| १. | भक्तपुर डेरी प्रा.लि भक्तपुर न.पा-२ ब्यासि | • पुर्ण लेवल विवरण नराखी उत्पादन बिक्री वितरण गरेको भन्ने बारे परेको गुनासो सम्बन्धमा अनुगमन गर्दा लेवल विवरण पुर्ण रुपमा उल्लेख गरेको अवस्था पाइयो<br>• सरसफाईको अवस्था सामान्य रहेको<br>• उद्योगमा दुध प्रशोधन हुदै गरेको अनुगमन टोली पुरेको थियो<br>• प्रयोगशालाको अवस्था संतोषजनक नरहेको पाइयो। | • प्रयोगशालाको व्यवस्थापनमा सुधार गर्ने<br>• थप अनुसन्धान गर्न प्रयोगशाला परिक्षणका लागि दुधको नमुना संकलन गरियो। |
| २. | युनिक फास्ट फुड क्याफे काठमाडौं मा.न.पा-२९,अनामनगर | • खानामा किरा परेको भन्ने बारे गुनासो सम्बन्धमा अनुगमन गर्दा सरसफाईको अवस्था संतोषजनक नरहेको<br>• भान्छा कोठा र भाडा माझ्ने ठाउ एकै स्थानमा भई परस्पर संक्रमण रहने अवस्था रहेको<br>• फ्रीजको अनवस्ता अब्यवस्थित रहेको<br>• अपूर्ण लेबल विवरण भएका खाद्य सामाग्री पाइएको<br>• होटेलको भान्छा कोठामा कृत्रिम खाद्य रंग पाइयो। | • विवरणमा उल्लेख भएका देखिएका सम्पूर्ण कैफियत सुधार गरी तिन (३) दिन भित्र विभागमा उपस्थित हुन निर्देशन दिइयो। |
| **अनुगमन गरिएको खाद्य व्यवसायको कुल संख्याः दुई (२) वटा** | | | |

Sharma

डा. बाल कुमारी शर्मा
वरिष्ठ खाद्य अनुसन्धान अधिकृत
२०८३/०५/२४

# अनुगमनका केहि झलकहरु











